# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, कार्तिक २३ गते, २०८० साल (अतिरिक्ताङ्क १३

# भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८० सालको ऐन नं. ५

### प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** बागमती प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने तामाङ भाषा र नेपाल भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी

कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पँहुच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन बागमती प्रदेशभित्र लागू हुनेछ।

(३) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन भएको मितिले १८०औं दिनबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकेको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ख) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरुपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(ग) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समुह वा समुदायले पुस्तागत निरन्तरताको रूपमा बोल्ने र प्रयोग गर्ने भाषालाई जनाउँछ।

(घ) "सरकारी कामकाजको भाषा" भन्नाले बागमती प्रदेश सरकारको कार्यालयहरुमा लिखित वा मौखिक रुपमा प्रयोग हुने तामाङ भाषा र नेपाल भाषालाई जनाउँछ।

(ङ) "सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र" भन्नाले बागमती प्रदेश अन्तर्गतका सरकारी वा सार्वजानिक निकायहरु र तत् तत् निकायबाट प्रवाह गर्ने सेवा सुविधासमेतलाई जनाउँछ।

## परिच्छेद- २

## सरकारी कामकाजमा प्रयोग हुने भाषासम्वन्धी व्यवस्था

३. **प्रदेश सरकारको अधिकारक्षेत्रमा सरकारी कामकाजको भाषाको प्रयोगः** (१) प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठानलगायतमा सरकारी कामकाजको मान्यता प्राप्त भाषालाई प्रयोग गर्ने ब्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तामाङ भाषाको लागि प्रयोग हुने लिपि र नेपाल भाषाको लागि प्रयोग हुने लिपिसमेतलाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सकिनेछ।

(३) प्रदेश सरकारले प्रदेश सभामा विधेयक पेस गर्दा सरकारी कामकाजका भाषाहरुमा समेत अनुवादित प्रति पेस गर्न सक्नेछ।

४. **<u>सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरणः</u>** (१) सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू तामाङ भाषा र नेपाल भाषामासमेत दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गर्ने वा प्राप्त गर्न सकिनेछ।

(३) प्रदेशभित्रका कार्यालयहरूमा सेवाग्राहीले सरकारी कामकाजको भाषामा पेश गर्ने निवेदन, प्रमाण, कागजात लगायतका सम्बन्धित दस्तावेजहरुको सोही भाषामासमेत दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ।

५. **<u>तामाङ भाषा र नेपाल भाषामा प्रकाशन गर्न सकिनेः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्र प्रकाशन गर्दा नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषामा पनि गर्न सक्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीयतहले पत्राचार र सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्दा कागजातको शीर्ष भागमा नाम र मिति तामाङ भाषाको मञ्जुश्री संवत् र नेपालभाषाको नेपाल संवत् समेत लेख्न सक्नेछ।

## परिच्छेद- ३

## तामाङ भाषा र नेपाल भाषा प्रयोगमा निषेध गर्न नहुने व्यवस्था

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुनेः** (१) सरकारी कामकाजको भाषाको रूपमा बागमती प्रदेशभित्रका मातृभाषा प्रयोग हुने सरकारी र सार्वजनिक कार्यालयहरूमा अन्य राष्ट्र भाषाहरु प्रयोग गरेको आधारमा विभेद बहिष्करण र अपमानजन्य व्यवहार गर्नु दण्डनीय हुनेछ।

(२) उपदफा (१) बमोजिम भाषिक विभेद भएमा तत्काल कारवाहीका लागि पीडित पक्षले उजुरी गर्न सक्नेछ।

७. **तामाङ भाषा र नेपाल भाषा प्रयोगमा निषेध गर्न नहुनेः** (१) सरकारी तथा सार्वजनिक निकायको कार्यक्षेत्र तथा संगठित संस्था, समुदाय र सार्वजनिक स्थानमा तामाङ भाषा र नेपाल भाषा प्रयोग गर्न निषेध गर्न पाइनेछैन।

(२) उपदफा (१) बमोजिम सरकारी तथा सार्वजनिक पद धारण गरेको व्यक्ति वा पदाधिकारीले तामाङ भाषा र नेपाल भाषा प्रयोग गर्न निषेध गरेमा तोकिएबमोजिम दण्ड जरिवाना गरिनेछ।

## परिच्छेद- ४

## भाषाको संरक्षण, विकास तथा मानकीकरणसम्वन्धी व्यवस्था

८. **सरकारी कामकाजको भाषाको संरक्षण गर्नुपर्नेः** सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार तथा प्रदेश सरकारका निकाय, निजी संघ संस्थाहरू

वा कानूनी व्यक्तिहरूले सरकारी कामकाजको भाषाको संरक्षण, प्रवर्द्धनकालागि कार्यक्रम सञ्चालन गर्नेछन्।

९. **शिक्षा, सञ्चार, कला र साहित्यमार्फत सरकारी कामकाजको भाषाको विकास गर्नेः** (१) तामाङ भाषा र नेपाल भाषालगायतका प्रदेशभित्र बोलिने सबै भाषालाई प्रदेश विश्वविद्यालय, उच्च शिक्षा एवम् शिक्षण संस्थाहरूमा स्नातकोत्तरतह र विद्यावारिधि तहसम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको तहहरुमा प्रकाशन हुने, अध्ययन अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरुलाई अन्य राष्ट्र भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्न सकिनेछ।

(३) तामाङ भाषा र नेपाल भाषामा प्रकाशित हुने पत्रपत्रिका तथा साहित्य प्रकाशनलाई प्रोत्साहन स्वरुप सम्बन्धित निकायले कार्ययोजना तयार गरी आवश्यक सुविधा, सहुलियत तथा अनुदान उपलब्ध गराउन सक्नेछन्।

(४) राष्ट्र भाषाहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीयतहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

१०. **भाषाको अध्ययन, अनुसन्धान र मानकीकरण गर्नेः** (१) प्रदेश सरकारले तामाङ भाषा र नेपाल भाषालाई सरकारी कामकाजको

भाषामा विकास गर्नको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ र भाषाको मानकीकरण गरी प्रयोग गर्न गराउन सक्नेछ।

(२) भाषा आयोगलगायतका सरकारी निकायहरुबाट आवश्यक विज्ञ र सहयोग प्राप्त गर्न सकिनेछ।

११. **सरकारी भाषासम्बन्धी कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्नेः** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण वा स्तरीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था सम्बन्धित कार्यालयहरुले गर्नु पर्नेछ।

## परिच्छेद- ५
## विविध

१२. **सरकारी कामकाजमा तामाङ भाषा र नेपाल भाषा प्रयोग गरेको प्रगति प्रतिवेदन सार्वजानिक गर्नेः** (१) यस ऐनअनुसार कामकाजको भाषा प्रयोग गर्ने प्रदेश सरकारी निकाय र सार्वजानिक संघसंस्थालगायतले सरकारी भाषा प्रयोगसम्बन्धी प्रगति प्रतिवेदन प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रगति प्रतिवेदन सार्वजानिकसमेत गर्नु पर्नेछ।

१३. **विज्ञ समूह गठन गर्न सक्नेः** (१) प्रदेश सरकारले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषा प्रयोग भाषाका विज्ञहरु रहेको समुह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समुहले तामाङ भाषा र नेपाल भाषा सम्बन्धमा प्रदेश सरकारलाई देहायबमोजिमको सहयोग गर्न सक्नेछः-

(क) भाषाको सम्बन्धमा बागमती प्रदेश सरकारलाई आवश्यक सुझाव र परामर्श दिन सक्ने,

(ख) प्रदेशका भाषाहरुको सरकारी कामकाजमा प्रयोग विस्तार गर्न आवश्यक अध्ययन अनुसन्धान भाषाको मानकीकरण शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषाहरुको स्तरवृद्धि गर्न आवश्यक सुझावहरु दिने,

(घ) प्रदेशभित्रका लोपन्मुख तथा अल्पसंख्यक भाषाहरु तथा लिपिहरुको पहिचान, सूचीकरण संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग गर्ने,

(ङ) प्रदेशका भाषाहरुको अध्ययन तथा अनुसन्धान गरी सरकारी कामकाजको

भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरु तयार गर्ने एवम् त्यस्ता कृतिहरु प्रकाशनमा सहयोग गर्ने,

(च) उपयुक्त ग्रन्थहरू अन्य भाषाहरुमा अनुवाद गर्ने गराउने,

(छ) प्रदेशका भाषाहरुको परिचयात्मक ग्रन्थ, सन्दर्भग्रन्थ र विस्तृत भाषा सर्वेक्षण गरी सम्पादन तथा प्रकाशन गर्न सहयोग गर्ने,

(ज) भाषा विषयमा योगदान दिने भाषिक संस्थाहरुको विकासमा योगदान पुऱ्याउने,

(झ) भाषासम्बन्धी कुनै विषयमा विज्ञ सुझाव दिने,

(ञ) राष्ट्र भाषा संरक्षण, सम्बर्द्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने।

(३) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी संघसंस्थाहरुसँग समन्वय गरी भाषासम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

१४. **स्थानीयतहले भाषाको प्रयोग गर्न सक्ने:** बागमती प्रदेशभित्रका स्थानीयतहले यस ऐनबमोजिम सरकारी कामकाजमा तामाङ भाषा

र नेपाल भाषाको प्रयोग गर्न तथा भाषाको संरक्षण, विकास र प्रर्वद्धनका लागि आवश्यक कार्य गर्न सक्नेछन्।

१५. **राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गर्ने:** प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरुको विकासको लागि प्रदेश सरकारले राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गर्नेछ।

१६. **नागरिक वडापत्र:** सरकारी तथा सार्वजानिक निकायहरुले यस ऐनबमोजिमको सरकारी कामकाजको भाषा प्रयोगवारे सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा सार्वजानिक सूचना वा जानकारी बोर्ड राख्नु पर्नेछ।

१७. **भाषाको पुनरावलोकन:** सरकारी कार्यालयहरुमा तामाङ भाषा र नेपाल भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी ऐन अनुरुपको कार्य भए नभएको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधार प्रत्येक पाँच वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।

१८. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

प्रमाणीकरण मितिः २०८०।०७।२३

**आज्ञाले,**
**ध्रुव गैडा**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-